वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक १६९ | २०८२ कात्तिक १० गते सोमबार, नेपाल सम्वत् ११४५ October 27, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-







## मानुङकोटलाई पर्यटकीयग्राम बनाउन पहल

### एकीकृत जग्गा विकास आयोजना अन्तर्गत सम्भाव्यता अध्ययन

**भञ्ज्याङ समाचारदाता/दमौली**

चिसो मौसम सुरू भएसँगै तनहुँको प्रसिद्ध दृश्यावलोकन गन्तव्य मानुङकोट आन्तरिक पर्यटकले भरिन थालेको छ । व्यास नगरपालिका–५ स्थित मानुङकोटबाट सूर्योदयसँगै कुहिरोले ढपक्क ढाकेको दमौली बजार, सेता हिमाल, पहाडका तरेलीका साथै आसपासको दृश्य हेर्न अहिले दैनिक सयौँ पर्यटक पुग्ने गरेका छन् ।



तिहार बिदासँगै पछिल्ला दिनमा यहाँ दैनिक तीन सयभन्दा बढी आन्तरिक पर्यटक पुग्ने गरेका छन् । दमौलीका सोमबहादुर नेपालीका अनुसार, बिहानको कुहिरो र सूर्यको सुनौलो किरणले मानुङकोट पुग्ने जो कोहीलाई मोहित बनाउँछ । बन्दीपुरका सुदिन पौडेल भन्छन्, "दमौली बजार कुहिरोले धपक्क छोपिएको दृश्य हेर्नकै लागि मानुङकोट आउनुपर्ने हुन्छ ।"

मानुङकोट हिलटप होटलका सञ्चालक चुडामणि दाहालका अनुसार पछिल्लो एक सातादेखि पर्यटकको चाप उल्लेखनीय रूपमा बढेको छ । उनले भने, "पर्यटकहरु अघिल्लो दिनै बास बस्छन् र बिहान सूर्योदय र कुहिरोको दृश्य हेर्छन् ।"

**पहाडी बस्ती विकासका लागि नगरको योजना**

व्यास नगरपालिकाले मानुङकोटलाई पर्यटकीयग्रामको रूपमा विकास गर्ने पहल अघि बढाएको छ । नगरपालिकाले एकीकृत जग्गा विकास आयोजना अन्तर्गत पहाडी बस्ती विकास कार्यक्रम सुरू गर्ने तयारी थालेको हो ।

आयोजनाका प्रमुख इञ्जिनियर रवीन्द्र मुलले भने, "पर्यटकीयग्रामका रूपमा मानुङकोटलाई नमूना बनाउन नगर विकास कोषको बजेटमा स्थलगत सम्भाव्यता अध्ययन भइरहेको छ ।"

व्यास–५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठ भन्छन्, "मानुङकोटको विशेषता नै जाडोयामको हो । जाडोमा यहाँको कुहिरो र सूर्योदयको दृश्य हेर्न विभिन्न ठाउँबाट सयौँ पर्यटक आउँछन् ।"

**होटल व्यवसाय फस्टाउँदै, पुराना बासिन्दा फर्किँदै**

पर्यटक आगमनसँगै मानुङकोटमा होटल व्यवसाय पनि तीव्र गतिमा फैलिएको छ । विगतमा होटल नदेखिने यस क्षेत्रमा अहिले एक दर्जनभन्दा बढी होटल सञ्चालनमा आएका छन् । मानुङकोटबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु र लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिने भएकाले यहाँ आन्तरिक तथा बाह्य पर्यटक दुवैका लागि आकर्षणको केन्द्र बन्दै गएको छ ।

पर्यटन व्यवसाय फस्टिँदै गएपछि पहिला खानेपानीको अभावमा गाउँ छाडेका बासिन्दा पनि फेरि मानुङकोट फर्केर व्यवसायमा जुट्न थालेका छन् । हाल बजारका प्रशोधित जार र ट्याङ्करको पानीले यहाँको आवश्यकता पूरा भइरहेको छ ।

**पूर्वाधार निर्माणले पर्यटकीय सम्भावना बढायो**

मानुङकोट जाने सडक कालोपत्र भइसकेको छ । सहरी

बाँकी तेश्रो पेजमा

## मुस्ताङमा थामिसक्नु छैन पर्यटकको चाप

**सुन्तरकुमार थकाली/मुस्ताङ**

यस वर्षको तिहार पर्व भाइटीका सकिएलगत्तै हिमालपारीको जिल्ला मुस्ताङमा अनेपेक्षित बढ्दो पर्यटक आगमन संख्याले यहाँको पर्यटन व्यवस्थापनमा निकै चुनौतीपूर्ण बन्यो। बर्खायामको भेल जस्तै मुस्ताङमा एकैसाथ पर्यटक ओइरिँदा यहाँका पर्यटन व्यवस्थापन अस्तव्यस्त रह्यो।

विगतका वर्षमा पनि दसैं तिहार र छठ पर्वलगायतमा यहाँ आन्तरिक पर्यटकको आगमन उल्लेख्य रूपमा हुने गर्थ्यो । यस वर्ष युवाको जेनजी आन्दोलनले उत्पन्न परिस्थिति र प्रतिकूल मौसमका कारण यहाँका पर्यटन व्यवसाय खासै चलायमान हुँदैन भन्ने लख काटिएको थियो । पर्यटक मुस्ताङ घुम्न आए पनि विगतका वर्ष जस्तो खासै चहलपहल हुँदैन भन्ने यहाँका पर्यटन व्यवसायले पूर्वानुमान गरेका थिए ।

देशको विषम परिस्थिति र सबै क्षेत्रको व्यवसाय धरासयी भइरहेको हुँदा नेपालीको कमाई नहुने र कमाई नहुने भएपछि घुमफिर गर्ने योजना पनि रोकिने बुझाई यहाँका पर्यटन व्यवसायीले गरेका थिए । तर, यहाँ पर्यटन व्यवसायीले गरेको पूर्वानुमान गलत सावित भइदियो । बिहीबारको तिहारको भाइटीका सकिएलगत्तै शुक्रबार र शनिबार मुस्ताङमा पर्यटकको बाढी नै आयो, जुन आइतबार बिहानसम्म कायमै थियो। जुन यहाँका पर्यटन व्यवसायीले कल्पनासम्म पनि गरेका थिएनन्।

यहाँ हिमताल र हिमनदी पग्लेर बाढी आएको थिएन, न त बर्खायामको नियमित हुने भेल बाढी नै थियो। यो त मुस्ताङको सडक विकासले ल्याइदिएको पर्यटन सडकमार्ग पूरै ढाकियो । म्याग्दी खण्डमा आधाजसो सडक कालोपत्र भएको छ भने आधाजसो सडक कालोपत्र छ । म्याग्दी र मुस्ताङको सीमाना घाँसादेखि मुक्तिनाथसम्मको सडकमा ९५ प्रतिशत सडक कालोपत्र भइसकेको छ। कागबेनीदेखि कोरलानाकासम्मको सडक ग्राभेल भए पनि सवारीसाधनका लागि विकासले पर्यटकको ध्यान मुस्ताङतर्फ केन्द्रित भइरहेको छ। बडादसैं, चैतेदसैं औंसी र महत्वपूर्ण चाडपर्वमा आन्तरिक पर्यटकका लागि घुमफिरको केन्द्र बनेको छ मुस्ताङ । तिहारको भाइटीका सकेर मुस्ताङ हानिएका पर्यटकको चापले यतिबेला बेनी–जोमसोम सडकमार्ग र मुस्ताङको ट्राफिक व्यवस्थापन



क्षेत्रको नयाँ उभार थियो । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले मुस्ताङ उपत्यकालाई घुम्नै पर्ने सूचीमा पारेपछि मुस्ताङको पर्यटन क्षेत्रका नयाँ आयात नै थपिदियो।

गत शुक्रबारदेखि राष्ट्रिय गौरवको निर्माणधीन (बेनी–जोमसोम–कोरला) सडकमार्गमा सवारीसाधनका लस्करले आवतजावतमा निकै सहज भइसकेको छ । कोरला सडकको अधिकांश खोला, खोल्सीमा पुलपुलेसा निर्माण भइसकेकाले पोखरा–काठमाडौं लगायत सहरबाट मुस्ताङ आवतजावत गर्न कुनै समस्या छैन।

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी–जोमसोम–कोरला) सडक मार्गको तीव्र गतिको गर्नमा सुरक्षा निकायलाई निकै हम्मेहम्मे पर्‍यो ।

बेनी–जोमसोम सडकमार्गको म्याग्दी खण्डका केही स्थान र काभ्रे भिरलगायत सडकमा सवारीसाधनको लस्करले पर्यटकलाई गन्तव्यतर्फ प्रस्थान गर्न घण्टौं समय लाग्यो । म्याग्दी र

बाँकी तेश्रो पेजमा

## आँबुखैरेनी-मुग्लिन सडक दुई घण्टा बन्द हुने

**भञ्ज्याङ समाचारदाता/दमौली**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी–मुग्लिन सडकखण्ड सोमबार राति दुई घण्टा पूर्ण रूपमा बन्द हुने भएको छ । आँबुखैरेनी गाउँपालिका–४ साँखरमा सडक भासिएपछि उक्त सडकको भूकम्प प्रतिरोधकता परीक्षणका लागि राति १२ देखि २ बजेसम्म उक्त खण्ड पूर्ण रूपमा बन्द हुने जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ ।

साँखरमा पहिरो नियन्त्रणका लागि भूकम्प प्रतिरोधकता परीक्षण अध्ययन गर्नुपर्ने भएकाले सडक बन्द गरिने कार्यालयका प्रशासकीय अधिकृत सिर्जना रेग्मीले जानकारी दिइन् ।

गत असोज १८ गते सडक भासिएको उक्त खण्ड हाल एकतर्फी रूपमा सञ्चालन भइरहेको छ । यसअघि वि.सं. २०७९ जेठ २७ गते सोही ठाउँमा सडक भासिएपछि भित्ता काटेर मर्स्याङ्दी नदीतर्फबाट पर्खाल उठाइएको थियो। सोही ठाउँमा पुनः सडक भाँसिएपछि यस खण्डमा सवारीसाधानहरू लामो जाम्मा पर्न थालेका छन् ।

## लामो बिदाले पोखरामा बढायो आन्तरिक पर्यटन

**जमुना वर्षा शर्मा/पोखरा**

केही समयदेखि सुस्ताएको पोखराको पर्यटन क्षेत्रमा अहिले आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लागेको छ । दसैंतिहारको लामो बिदा, खुला हिमाल र अनुकूल मौसमले गर्दा पोखराका होटल, रेस्टुरेन्ट र अन्य पर्यटकीय गतिविधिमा उत्साहजनक चहलपहल देखिएको हो । यसले पर्यटन व्यवसायीलाई उत्साहित बनाएको छभने पर्यटन क्षेत्रमा सकारात्मक सन्देश प्रवाह भएको छ ।

अन्नपूर्ण हिमशृङ्खलाको मनोरम दृश्य, फेवातालको शान्त वातावरण, प्याराग्लाइडिङ, बन्जीजम्प, जिप फ्लायरजस्ता साहसिक खेलका कारण नेपालको एक प्रमुख पर्यटकीय गन्तव्य हो पोखरा । यसका साथै अन्नपूर्ण पदयात्रा र मुक्तिनाथको प्रवेशद्वारका रूपमा पनि पोखरा पर्यटकको आकर्षणको केन्द्र बनेको छ । पछिल्लो समय आन्दोलन र प्रतिकूल मौसमले खस्केको पोखराको पर्यटन अहिले मौसममा सुधार र लामो बिदाका कारण पुनर्जीवित भएको छ ।

"विभिन्न मारमा परेको पोखराको पर्यटन क्षेत्रमा अहिले केही राहत महसुस भएको छ । विशेषगरी तिहारको समयमा आन्तरिक पर्यटकसँगै विदेशी पर्यटक पनि सन्तोषजनक मात्रामा आइरहेका छन्", होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीका भन्नुभयो । "लामो बिदा, अनुकूल मौसमले अहिले लेकसाइडका ९० प्रतिशत होटेल अकुपेन्सी रहेको छ, पोखरा हुँदै आसपासका पर्यटकीय गन्तव्यमा अन्नपूर्ण पदयात्रादेखि मुस्ताङसम्मको यात्रामा निस्केका आन्तरिक तथा केही बाह्य पर्यटकको आगमनले उत्साह थपेको छ ।" अहिले पोखरामात्र नभई गण्डकी प्रदेशकै पर्यटनमा सकारात्मक प्रभाव पारेको सुवेदीले बताउनुभयो ।

अध्यक्ष सुवेदीका अनुसार पोखराको पर्यटन क्षेत्रमा हाल करिब रू आठ खर्बबराबरको लगानी भएको छ । सोमध्ये करिब रू ६ खर्ब होटल व्यवसायमै लगानी भएको छ भने प्रत्यक्ष रूपमा करिब १५ हजार व्यक्ति यस क्षेत्रको रोजगारीमा आश्रित छन्। पोखरामा करिब एक हजार २०० पर्यटकीयस्तरका होटल सञ्चालनमा छन्, जसमा ७०० वटा



लेकसाइड र ड्यामसाइड क्षेत्रमा केन्द्रित छन् । एक रातमा करिब ४० हजार पाहुना समायोजन गर्न सक्ने क्षमता पोखराका होटलमा रहेको छ । हाल पोखरामा एउटा फाइभस्टार, ६ फोरस्टार र करिब ३० थ्री, टु र वन–स्टार लक्जरी होटल सञ्चालनमा छन् ।

आन्तरिक पर्यटकमा पदयात्राप्रति पनि उत्साह देखिएको छ । पोखरा पदयात्रा (ट्रेकिङ) का लागि एक महत्त्वपूर्ण प्रवेशद्वार हो। अन्नपूर्ण बेस क्याम्प ट्रेक, मर्दी हिमाल ट्रेक, घोरेपानी–पुनहिल ट्रेकजस्ता विश्व–प्रसिद्ध पदमार्ग पोखराबाटै सुरू हुन्छन् । यी पदमार्गले हरेक वर्ष हजारौं ट्रेकरलाई आकर्षित गर्छन्, जसले पोखराको पर्यटनमा थप विविधता ल्याएको छ ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) पोखराका

बाँकी दोश्रो पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## मानुङकोट : कुहिरोमाथिको पहाड, सम्भावनाभित्रको गाउँ

मानुङकोट पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । तनहुँको व्यास नगरपालिका-५ मा अवस्थित मानुङकोट व्यास पराशर क्षेत्र र दमौली बजारको शिर बनेर ठडिएको मात्रै होइन पछिल्ला वर्षहरूमा तीव्र रूपमा उदाउँदै गएको पर्यटकीय गन्तव्य पनि हो । जाडो मौसम सुरू भएसँगै यहाँ आन्तरिक पर्यटकको चहलपहल उल्लेखनीय रूपमा बढ्न थालेको छ । बिहानको कुहिरो र सूर्यको किरणले दमौली बजार, वरिपरिका पहाड र हिमालहरूलाई सौन्दर्यको नयाँ आयाम दिएको मानुङकोट अहिले पर्यटनको केन्द्रबिन्दु बन्दै गएको छ। तिहार बिदाको अवसरमा दैनिक सयौँ पर्यटक मानुङकोट पुग्ने गरेका छन्। पछिल्लो एक सातादेखि यहाँको पर्यटक संख्यामा तीव्र वृद्धि भएको छ । पर्यटकहरु बिहानको सूर्योदयसँगै कुहिरोको अनुपम दृश्यको आनन्द लिन यहाँ पुग्ने गरेका छन् । तर, मानुङकोटको चर्चा केवल प्राकृतिक दृश्यमा सीमित छैन। व्यास नगरपालिकाले यसलाई 'पर्यटकीयग्राम'का रूपमा विकास गर्ने योजना अघि सारेको छ। नगर विकास कोषको बजेटमा एकीकृत जग्गा विकास आयोजना अन्तर्गत पहाडी बस्ती विकास कार्यक्रमको स्थलगत अध्ययन भइरहेको छ । मानुङकोटलाई योजनाबद्ध विकासको बाटोमा डोऱ्याउने गरी कार्यक्रमहरू अगाडि बढाइएका छन्।

पर्यटनले गाउँमा नयाँ जीवन फुक्दैछ। विगतमा खानेपानीको समस्या र पूर्वाधार अभावका कारण गाउँ छाडेका बासिन्दा अहिले फर्किँदै छन्। अहिले मानुङकोटमा एक दर्जनभन्दा बढी होटल सञ्चालनमा छन् । होटल व्यवसायसँगै स्थानीय युवाले रोजगार पाएका छन् र गाउँमा आर्थिक चहलपहल बढेको छ । बजारका प्रशोधित जार र ट्याङ्करको पानीले तत्कालको आवश्यकता पूरा गरिरहेको छ, भने संघीय सरकारले चालु वर्षमा रू दुई करोड विनियोजन गरी स्थायी खानेपानी योजना अघि बढाएको छ । सहरी विकास मन्त्रालयको सहयोगमा अलैंचेदेखि मानुङकोटसम्म ४३ सय मिटर सडक कालोपत्र भइसकेको छ । कठिन भूभागमा आरसिसी ढलान गरिएको छ, दृश्यावलोकन स्तम्भ र रेलिङसहित पैदलमार्ग तयार गरिएको छ । यी संरचनात्मक सुधारहरूले मानुङकोटको पर्यटन सम्भावनालाई थप सुदृढ बनाउँदै लगेको छ ।

मानुङकोट केवल दृश्यावलोकनको ठाउँ होइन, यो पौराणिक कथाको जीवन्त प्रतीक पनि हो। पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न चाहँदा लोकले पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराएको किंवदन्तीले मानुङकोट र दमौलीलाई धार्मिक र सांस्कृतिक आयाममा पनि जोडेको छ । यही कारणले यहाँको कुहिरोलाई स्थानीयले "पौराणिक रहस्य"को रूपमा व्याख्या गर्ने गर्छन । यो सांस्कृतिक गहिराइ पर्यटन विकाससँगै जोगाइराख्न जरूरी छ । यस्तै, मानुङकोटको विकासले तनहुँमा ग्रामीण पर्यटनको नयाँ आयाम थपेको छ । तर सम्भावनासँगै चुनौती पनि छन्। अनियोजित विकासले वातावरणीय सन्तुलनमा पर्न सक्ने असर। हतारमा गरिएको सडक विस्तार, प्लास्टिक फोहोर र संरचनागत दबाबले प्राकृतिक सौन्दर्यलाई क्षति पुऱ्याउने जोखिम पनि बढाएको छ । सांस्कृतिक मौलिकताको जगेर्ना, परम्परागत घर, स्थानीय वास्तुकला र पहाडी जीवनशैलीलाई आधुनिक संरचनाले विस्थापित गर्न थाले भने मानुङकोटको पहिचान हराउने चुनौती थपिएको छ । त्यसैले, विकास र संरक्षणबीच सन्तुलन कायम राख्न नगरपालिका र स्थानीय समुदायले मिलेर काम गर्न आवश्यक छ । पर्यटनको लाभ स्थानीयले महसुस गर्ने खालको भागीदारी प्रणाली स्थापना गर्नुपर्छ । केवल पूर्वाधार बनाउनु पर्याप्त हुँदैन, त्यसको दीर्घकालीन व्यवस्थापन र वातावरणीय उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ ।

आज मानुङकोट केवल एक गाउँ होइन, त्यो स्थानीय पुनर्जागरणको प्रतीक हो। जहाँ एकपटक पानीको अभावले मानिसहरु गाउँ छोड्न बाध्य भएका थिए, त्यही गाउँ अहिले पर्यटनको माध्यमबाट बाँचिरहेको छ । गाउँ फर्किएका बासिन्दा, बढ्दो होटल व्यवसाय र नगरपालिकाको दीर्घदृष्टिले यहाँको भविष्य उज्यालो देखाउँछ। तर यो सम्भावनालाई दीर्घकालीन बनाउने जिम्मेवारी स्थानीय सरकार र समुदाय दुवैको काँधमा छ । योजनाबद्ध, पर्यावरणमैत्री र सांस्कृतिक रूपमा संवेदनशील विकासका माध्यमबाट मात्र मानुङकोटलाई देशकै नमूना पहाडी पर्यटकीय गन्तव्यमा रूपान्तरण गर्न सकिन्छ । कुहिरोमाथिबाट उदाएको घामजस्तै, मानुङकोट अहिले आशा र अवसरको किरण बनेर चम्किँदैछ । यदि यहाँको प्राकृतिक सुन्दरता, पौराणिक विरासत र मानव श्रमबीच सन्तुलन कायम गर्न सकियो भने- मानुङकोट तनहुँ मात्र होइन, नेपालकै पहाडी पर्यटनको 'उज्यालो गाउँ' बन्नेछ ।

www.bhanjyangnews.com
Email : bhanjyangdml@gmail.com
Phone : 065563907, 9806613340

# किन मानिस कम्युनिष्ट विचारबाट पतन हुन्छन् ?



नेपाल कृषि प्रधान देश हो। तर, जमिनको असमान वितरणले किसान वर्ग पीडित छ। मुठ्ठीभर जमिनदारसंग देशको ९५ प्रतिशत भूमि छ भने, ९५ प्रतिशत किसानसाग केवल ५ प्रतिशत जमिन मात्र। यस्तो अवस्थामा कानुन र व्यवस्था पनि उनीहरूकै हातमा कठपुतली बनेको छ ।

सुरेशकुमार पाण्डे

अहिले धेरैजसो मानिसहरु कम्युनिष्ट विचारधाराबाट विमुख हुँदै नयाँ राजनीतिक पार्टीहरु गठन गरिरहेका छन्। कतिपयले त "अब नेपालमा कम्युनिष्ट विचारधारा लागु हुनै सक्दैन" भन्ने पनि गर्छन्। आखिर यस्तो विकृति किन पैदा भयो ? यो प्रश्न केवल नेपालको सन्दर्भमा मात्र होइन, विश्वभरकै कम्युनिष्ट आन्दोलनमाथि पनि उठिरहेको छ। आखिर कम्युनिष्ट विचारधारा किन रक्षात्मक अवस्थामा पुग्यो? अन्य देशहरूको विश्लेषण छुट्टै विषय हो, त्यसका लागि विश्व कम्युनिष्ट आन्दोलनका विज्ञहरूले आफ्नो दृष्टिकोण दिने नै छन्। तर, हाम्रो देश नेपालमा कम्युनिष्ट विचारधाराको अर्थ र प्रभाव के हो? यसबारे गहन रूपमा नसोची, त्यसको मुल्याङ्कन गर्न गाह्रो हुन्छ।

### भूराजनीतिक पृष्ठभूमि

हाम्रो देशको भौगोलिक स्थिति अनौठो छ- दुई विशाल छिमेकी भारत र चीनबीच स्थित। यी दुबै देश विश्वका शक्तिशाली र धनी राष्ट्रहरु हुन्। चीनले नयाँ जनवादी क्रान्ति सन् १९४९ मा सम्पन्न गऱ्यो भने भारत ब्रिटिश औपनिवेशिक शासनबाट दुई वर्ष अघि, १९४७ मा मुक्त भयो। करिब ७६-७८ वर्षको अवधिमा दुबै देशले उल्लेखनीय प्रगति गरेका छन्, विशेष गरी चीनले त झनै तीव्र रूपमा विकास गरेको छ। व्यवहारमा दुबै देशलाई साम्राज्यवादी भनिए पनि नेपालतर्फको दृष्टिकोणमा चीन केही सकारात्मक देखिन्छ। यद्यपि नेपालीहरूको सामाजिक-सांस्कृतिक सम्बन्ध भारतसँग बढी गहिरो छ। दुवै देशबीच खुला सिमाना, समान भेषभूषा, धर्मसंस्कृति, चाडपर्व र भाषिक समानताका कारण नेपालीहरु भावनात्मक रूपमा भारतसँग नजिक छन्।

यस्तो भूराजनीतिक अवस्थाले दुबै देशको प्रभाव नेपालमा पर्नु स्वाभाविक हो। तर, देशभित्र कस्तो राजनीति हाम्रो माटो र समाजका लागि उपयुक्त हुन्छ भन्ने प्रश्नमा गम्भीर बहस हुन जरूरी छ।

### कम्युनिष्ट विचार किन अपच्य भयो?

नेपालमा कम्युनिष्ट विचार किन "अपच्य" भयो भन्ने प्रश्न अहिले पनि उठिरहेको छ। लामो समयदेखि कम्युनिष्ट विचार बोकेका पुराना नेताहरु समेत उत्तरविहीन बनेका छन्। कतिपयको विचार अस्पष्ट र दोहोरो अर्थ लाग्ने खालको देखिन्छ। देश र जनताको हितमा अहिलेको पुँजीवादी व्यवस्था उचित छैन भन्ने बुझाइ सर्वत्र फैलिँदैछ। तर, त्यसको विकल्पको रूपमा कस्तो प्रणाली आउन सक्छ भन्ने प्रश्न अझै अनुत्तरित छ। नेपालमा प्रचुर प्राकृतिक स्रोतसाधन छन्, जनसंख्या पनि सानो छ, र देश कहिल्यै कसैको उपनिवेश बनेको छैन। यस्ता अनुकूल अवस्थाहरु हुँदाहुँदै पनि विकास किन हुन सकेन ? के केवल भूपरिवेष्ठित हुनु यसको कारण हो ?

### ऐतिहासिक पृष्ठभूमि र शोषण

हाम्रो कमजोरी परनिर्भरता हो। अंग्रेजहरूले यही कुरा बुझेर सुगौली सन्धिपछि गोरखा भर्ती केन्द्र स्थापना गरे। नेपालीहरूका वीरता र निष्ठालाई उनीहरूले आफ्नो फाइदाका लागि प्रयोग गरे। शासनकर्ताहरूले त्यतिबेला कमिसनमा देश चलाए र विकास रोकियो। बहुदलीय व्यवस्था आएपछि पनि नेताहरु दलाली र सत्ता-लोभमा डुबे। छिमेकी राष्ट्रहरूले पनि यही चाहन्थे-नेपालका नेताहरु आफ्ना स्वार्थमा बन्धक बनुन्। यही कारण देशका उद्योगहरु बन्द भए, निजीकरणको नाममा राष्ट्रिय सम्पत्ति बेचियो र भ्रष्टाचार संस्थागत बन्यो । अहिले नागरिकहरु अत्यन्तै दुःखमा छन्। असन्तुष्ट जनसमूहबाट समय-समयमा हुने आन्दोलनहरु, जस्तै हालको जेनजी आन्दोलन, भविष्यमा ठूला बिस्फोटका संकेत हुन्।

### कृषि क्रान्तिको आवश्यकता

नेपाल कृषि प्रधान देश हो। तर, जमिनको असमान वितरणले किसान वर्ग पीडित छ। मुट्ठीभर जमिनदारसँग देशको ९५ प्रतिशत भूमि छ भने, ९५ प्रतिशत किसानसँग केवल ५ प्रतिशत जमिन मात्र। यस्तो अवस्थामा कानुन र व्यवस्था पनि उनीहरूकै हातमा कठपुतली बनेको छ । धार्मिक असमानता, जातीय विभेद, लैङ्गिक असमानता, भ्रष्टाचार, महँगी र अपराधजस्ता समस्याले समाजलाई ग्रसित बनाएको छ।

यस्तो अवस्थामा कृषिआधारित क्रान्ति अत्यावश्यक छ। जमिन जोत्नेलाई दिने नीति कार्यान्वयन भएमा अन्न उत्पादन बढ्ने र देश आत्मनिर्भर बन्न सक्ने सम्भावना छ । तर, यस्ता क्रान्तिकारी परिवर्तन केवल मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारमा आधारित सच्चा कम्युनिष्ट नेतृत्वमा मात्र सम्भव हुन्छ।

### विचार र व्यवहारको द्वन्द्व

यति स्पष्ट सैद्धान्तिक आधार हुँदाहुँदै पनि मानिसहरु कम्युनिष्ट विचारधाराबाट टाढा हुने कारण के हो ? मुख्यतः हाम्रो समाज आध्यात्मिक-रूढीवादी परम्परामा गहिरो रूपमा जकडिएको छ, जबकि कम्युनिष्ट विचार भौतिकवादमा आधारित छ। यही दुई विरोधी तत्वको असन्तुलनले समाजमा भौतिकवादी चेतना स्थापित हुन दिँदैन।

कार्ल मार्क्सको भनाइ यहाँ सान्दर्भिक हुन्छ- "धर्म भनेको अफिमको नसा हो।" नेपाली समाजमा धर्मका नाममा निरन्तर पाप भइरहेकाले भौतिक सोचको विकास कठिन बनेको हो । रूढीवादले शोषकलाई बलियो बनाउँछ। समाजमा श्रमजीवीहरूका आविष्कारलाई अदृश्य शक्तिको चमत्कार भनेर श्रमिकको योगदानलाई बेवास्ता गरिन्छ। जसले गर्दा साँचो अर्थमा सत्य-असत्य छुट्याउने चेतनाको विकास हुन सकेको छैन। यदि हामी साँच्चै कम्युनिष्ट विचारधाराका मान्यवर हौं भने र देशमा न्याय र समानता चाहन्छौं भने, पहिलो काम रूढीवादी सोच त्याग्नु हो। सत्य र तर्कमा आधारित भौतिक सोचलाई अपनाउनु हो। जब हामी भौतिक सोचलाई आत्मसात गर्छौं, तबमात्र कम्युनिष्ट विचार हाम्रो समाजमा पच्न थाल्छ । त्यो विचार न केवल वैज्ञानिक र तर्कसंगत हुन्छ, बरू यही बाटो देश र जनताको वास्तविक मुक्ति र समृद्धिको बाटो पनि हो।

# लामो बिदाले पोखरामा .........

अध्यक्ष कृष्ण आचार्यले भन्नुभयो, "पोखरा नेपालका लागि पदयात्राको प्रवेशद्वार हो । अन्नपूर्ण क्षेत्रमा रहेका अनगिन्ती सुन्दर पदमार्गले यस क्षेत्रलाई विश्वभरका ट्रेकरका लागि आकर्षक गन्तव्य बनाएका छन् । अहिले आन्तरिक र बाह्य पर्यटकको आगमन उत्साहजनक देखिएको छ ।" उहाँले पोखराको पर्यटनलाई दिगो र समृद्ध बनाउन यी पदमार्गको संरक्षण र प्रवर्द्धनमा सरकारले चासो बढाउनुपर्ने बताउनुभयो । आचार्यले भन्नुभयो, "यस याममा पोखरामा पर्यटकको चाप बढ्नु स्वाभाविक हो, तर हामी समग्र वर्षभरि नै पदयात्रा पर्यटनलाई सक्रिय राख्न चाहन्छौँ", आचार्यले यसका लागि नयाँ ट्रेकिङ रूटहरूको पहिचान, अवस्थित रूटको स्तरोन्नति, ट्रेकर सुरक्षाका लागि आवश्यक पूर्वाधार विकास र पथप्रदर्शकको क्षमता अभिवृद्धिमा सक्रियतासँगै हालैमात्र अन्नपूर्ण नर्थ जसलाई मौरिस हर्जोग ट्रेल भनेर टानले प्रवर्द्धन गरेको बताउनुभयो।

आचार्यका अनुसार केही दिनयता कास्कीको छोमरोङ, पोथना, विरेठाँटी लमजुको बैँसीसहर, म्याग्दीको घासा गरेर पाँच चेकपोष्टबाट विदेशी पर्यटक दैनिक हजारदेखि एक हजार २०० र नेपाली चार हजारदेखि चार हजार ४५ सम्म पदयात्रामा जाने गरेका तथ्याङ्क छ ।

रेस्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराका अध्यक्ष विश्वराज पौडेलले पनि लामो समयपछि पोखरामा पर्यटकको आगमन उत्साहजनक देख्न पाएकामा खुसी व्यक्त गर्नुभयो। दसैंभन्दा तिहारमा पर्यटकको आगमन राम्रो छ, "रेस्टुरेन्ट र बारमा पनि पर्यटकको चहलपहल बढेको छ । यसले हामी व्यवसायीलाई थप ऊर्जा दिएको छ", उहाँले भन्नुभयो । पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेलले यो मौसममात्र पर्यटनको आगमनले पर्यटन क्षेत्रको लगानी थेग्न नसक्ने भन्दै सबै मौसममा पर्यटन भित्र्याउने दीर्घकालीन योजना सरकारसँग हुनुपर्ने बताउनुभयो। आन्तरिक तथा बाह्य बजारमा पोखराको सुन्दरता र विविधतालाई चिनाउन विशेष पहलको खाँचो छ । "पोखरा प्राकृतिक, साहसिक र सांस्कृतिक पर्यटनको गन्तव्य हो, पोखराको पर्यटनलाई थप उचाइमा पुऱ्याउन सरकार र निजी क्षेत्रको सहकार्य र समन्वयको खाँचो छ ।" उहाँले प्राकृतिक प्रकोप, राजनीतिक अस्थिरता र महामारीको प्रत्यक्ष प्रभाव पर्यटन क्षेत्रमा पर्ने भएकाले राज्यले दिगो पर्यटन रणनीति अवलम्बन गरेर पर्यटन क्षेत्रलाई सुरक्षित राख्नुपर्ने बताउनुभयो।

पोखरालाई साहसिक पर्यटनको हबका रूपमा विकास गर्ने, नयाँ पर्यटकीय गन्तव्य पहिचान गर्ने र पूर्वाधार विकासमा सहयोग पुऱ्याउने योजनाको भुजेलले खाँचो औँल्याउनुभयो । सांस्कृतिक विविधता, र साहसिक गतिविधिको अनुपम संगम, फेवातालमा डुङ्गा सयर, सराङकोटबाट सूर्योदयको दृश्यावलोकन, विश्व शान्ति स्तूपा भ्रमण, डेभिस फल्स र गुप्तेश्वर गुफाको अवलोकन, अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयजस्ता आकर्षणले पर्यटकलाई सधैं लोभ्याउने गरेकाले यसलाई व्यवस्थित गर्नुपर्ने भुजेलको भनाइ छ । रासस

## तपाईंको आज

**मेष**
हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउला।

**वृष**
उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ।

**मिथुन**
परिस्थितिवश धेरै फाइदा नहुने काममा अलमलिनुपर्ला। श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ।

**कर्कट**
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। तर आत्मविश्वासको कमीले मनमा डर लाग्न सक्छ।

**सिंह**
केही चुनौती अँगाल्दै अघि बढ्नुपर्ला। श्रम परे पनि कर्मयोगले भविष्यको बाटो समाउनेछ।

**कन्या**
प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्य फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ।

**तुला**
अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। समयतालिका नमिल्दा योजना अधुरै रहनेछ।

**वृश्चिक**
बेलामा होस नपुर्याउँदा खर्च गराउनेहरु सक्रिय हुनेछन् भने सहयोग गर्नेहरु कमै भेटिनेछन्।

**धनु**
विवाद तथा मुद्दाहरूमा आ͡ नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई समेत पछि पार्न सकिनेछ।

**मकर**
अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ।

**कुम्भ**
पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ।

**मीन**
आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।

# मुस्ताङमा थामिसक्नु छैन .....

मुस्ताङको सिमाना प्रहरीचौकी घाँसामा मुस्ताङ भित्रिने सवारीसाधन र पर्यटक यात्रुको विवरण संकलन गर्ने गरिन्छ । मुस्ताङ भित्रिएका सवारीसाधन र यात्रुको विवरण संकलन गर्नमा त्यहाँ खटिएका प्रहरीहरूलाई निकै गाह्रो परेको छ। मुस्ताङ प्रहरीका अनुसार यो अहिलेसम्मकै ठूलो संख्यामा सीमित समयमा सवारीसाधन र यात्रु पर्यटक मुस्ताङ भित्रिएको दाबी गरिएको छ। भाइटीकापछि औसत आठ हजारको संख्यामा पर्यटक मुस्ताङ भित्रिएको बताइएको छ ।

बर्खायामको भेल जस्तै मुस्ताङमा पर्यटक एकैसाथ ओइरिँदा पर्वतको कुश्मादेखि मुस्ताङको कोरलानाकासम्मका होटल पर्यटकले भरिभराउ भएका छन् । यहाँ आएका पर्यटकमध्ये ९९ प्रतिशत आन्तरिक र एक प्रतिशत विदेशी पर्यटक रहेका छन् । मुस्ताङ घुम्न आइपुगेका पर्यटक कतिपयले पहिल्यै होटल 'बुकिङ' गरेर आइपुगेका थिए भने कतिपय बुकिङ नगरी आफ्नै तरिकाले घुम्न आउँदा पर्यटन व्यवस्थापनमा समस्या र चुनौती देखापरेको मुस्ताङ उद्योग वाणिज्य संघका अध्यक्ष राजुप्रसाद लालचनले जानकारी दिनुभयो । अध्यक्ष लालचन तिहारपछि मुस्ताङका होटल बिहानैदेखि भरिभराउ भएकाले पर्यटकलाई बासस्थानको समस्या देखिएको बताउनुहुन्छ ।

त्यसो त मुस्ताङमा यतिका संख्यामा पर्यटक एकैसाथ ओइरिन्छन् भन्ने न त यहाँ आइपुगेका पर्यटकहरूले कल्पना गरेका थिए, न त यहाँका स्थानीय प्रशासन, प्रहरी, जनप्रतिनिधि र पर्यटनसँग सम्बद्ध संघसंस्थाले नै कल्पना गरेका थिए। आखिर भइदियो त्यस्तै। तिहार सकेर मुस्ताङमा घुम्न र रमाइलो गर्न आएका कतिपय पर्यटकको बसाई सुखद रहेन । खल्तीमा पैसा भएर पनि यहाँ आइपुगेका पर्यटकहरू न राम्ररी सुत्ने बास सुविधा पाए, न त राम्ररी खान खाने सुविधा नै भयो । मन श्रेष्ठसहित चार जनाको टोली काठमाडौँबाट मोटरसाइकलमा कोरला नाका जाने योजना बनाएर शनिबार जोमसोम आइपुगे । बिहान १० बजे जोमसोम आइपुगेका उनीहरू होटलमा कोठा खोज्न भौँतारिए । यतिन्जेलसम्म मुस्ताङका होटल पर्यटकहरूले खचाखच भरिएको थियो। जोमसोम, कागबेनी, मार्फालगायतका स्थानमा होटल खोज्दा समेत बास बस्ने होटलहरू भटिएन । मुस्ताङमा घुम्न र रमाउन आएका उनीहरूमा बास नपाउने देखिएपछि निरास बने । दुई/चार पैसा बढी तिरौँला बरू हामीलाई होटल खोजिदिनपर्‍यो भने स्थानीय पत्रकार मनिता थकालीसमक्ष अनुरोध गरे । स्थानीय पत्रकार थकालीले होटल नपाएको र कहीँकतै खाली भएमा सूचना दिनुहोला भनी सामाजिक सञ्जालमा पोस्ट गरिएपछि एक सामान्य स्तरको होटलमा जसोतसो व्यवस्था मिलाइएको थियो ।

यसैगरी, पोखराबाट झन्डै ४० विद्यार्थी लिएर मुस्ताङ घुम्न आएको टोलीसमेत साँझ जोमसोममा बास नपाउँदा बिचल्लीमा पर्नुपर्‍यो। मुस्ताङमा होटलमा बास नपाएपछि कति पर्यटकले सवारीसाधनमा रात कटाएका थिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख डिएसपी छिरिङ किप्पा लामाले तिहारपछि ठूलो संख्यामा पर्यटक मुस्ताङ ओइरिँदा होटल व्यवस्थापनमा समस्या परेको बताउनुभयो । डिएसपी लामाका अनुसार 'बुकिङ' नगरी मुस्ताङ आएका पर्यटकले बास नपाउँदा यहाँका धर्मशाला, सामुदायिक भवन र होमस्टे लगायतमा लगेर राखिएको बताउनुभयो ।

होटल बुकिङ नगरी उपल्लो मुस्ताङको भ्रमण गर्न गएका एक टोलीलाई लोमान्थाङस्थित आमा समूहको भवनमा लगेर राखिएको डिएसपी छिरिङ किप्पा लामाले जानकारी दिनुभयो । कोरला नाका अवलोकन गरी जोमसोम फर्किँदै गरेको अर्को एक गाडी बीच माटोमै बिग्रिएपछि बिचल्लीमा परेका पर्यटकलाई छुसाङस्थित स्थानीयहरूको घरघरमा लगेर राखिएको डिएसपी लामाको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङ र यहाँका सरोकारवाला निकायले दसैं, तिहार र छठ पर्वका बेलामा मुस्ताङ घुम्न आउँदा अनिवार्य होटल बुकिङ गरेर मात्रै आउन पर्यटकलाई सुझाएको छ । होटल बुकिङ नगरी आउँदा बास नपाइने र होटल र विचौलियाबाट ठगिन सक्ने भएकाले मुस्ताङ भ्रमण गर्दा होटल बुकिङ गरेर मात्रै यात्रा सहज हुने जनाएको छ। मुस्ताङमा पर्यटकको चाप बढेपछि यहाँका कतिपय होटल मनोमानी रूपमा खान र बस्नमा चर्को मूल्य लिएको गुनासोसमेत गरिएको छ। पर्यटकले मुस्ताङ महँगो भएको र व्यवसायीले पर्यटकलाई मनोमानी पैसा असुल्ने गरेको गुनासो लेखेर सामाजिक सञ्जालमा समेत सार्वजनिक गर्ने गरेको पाइएको छ।

मुस्ताङ उद्योग वाणिज्य संघले पर्यटकहरूलाई जथाभावी पैसा नलिन र उपयुक्त सेवा सुविधा र सुहाउँदो पैसा लिन समेत आग्रह गरेको छ । व्यवसाय एक पटकको मात्रै नभई सधैंका लागि भएकाले मुस्ताङको बदनाम हुने गरी व्यवसाय सञ्चालन नगर्न अनुरोध गरिएको छ। मुस्ताङमा सञ्चालित होटलहरूले आठ हजार पर्यटक थेग्न नसकिएपछि विषेश चाडपर्वका बेला वैकल्पिक व्यवस्था अपनाउनुपर्ने आवाज उठ्न थालेको छ । यहाँका गाउँगाउँमा समुदायको सामुदायिक भवन र सार्वजनिक भवन खाली हुने भएकाले पर्यटकलाई अप्ठ्यारो पर्दा त्यहाँ राख्ने व्यवस्था मिलाउनसकेमा पर्यटकलाई परेको पिरमर्का समाधान गर्न सकिने अवस्था रहेको सरोकारवालाहरूको भनाइ छ ।

मुस्ताङका पाँच स्थानीय तहमा साना ठूला गरी ३२५ वटा होटल सञ्चालनमा रहेको प्रहरीले जनाएको छ । एक वर्षअघिको यो तथ्याङ्कमा केही नयाँ होटलहरू थपिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले बताएको छ । यहाँको लोमान्थाङ गाउँपालिकामा २०, लोघेकर दामोदरकुण्डमा ३०, बारागाउँ मुक्तिक्षेत्रमा ६३, घरपझोङ गाउँपालिकामा १६३ र थासाङ गाउँपालिकामा ४९ वटा होटल सञ्चालनमा रहेका छन् । यहाँ सञ्चालनमा रहेका होटलमध्ये ९० प्रतिशत राजमार्गमा रहेको र १० प्रतिशत होटल राजमार्गभन्दा बाहिर रहेको जनाइएको छ। सामान्य अवस्था पर्यटक व्यवस्थापनमा खासै अप्ठ्यारो नपर्ने भए पनि मुख्य चाडपर्वमा यहाँका होटलको संख्या अपुग हुने भएकाले पर्यटकहरू मुस्ताङ भ्रमण गर्न आउँदा यहाँको वस्तुस्थिति बुझेर मात्रै आउन प्रहरीले अनुरोध गरेको छ । धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा मुक्तिनाथ मन्दिरको दर्शन पहिलो प्राथमिकतामा पर्छ । यहाँ आइपुगेका पर्यटकहरूले मुक्तिनाथ मन्दिरको दर्शन गरी कोरला नाका, लोमान्थाङ दरबार, छोसेर गुफा, चिउँसी गुफा, चराङ गुम्बा, मराङ गुम्बा, कागबेनी, ढुम्बाताल र मार्फा गाउँको भ्रमण गर्ने गर्दछन् । यहाँ बर्सेनि आठ लाख बढी आन्तरिक र डेढ लाख बढी विदेशी पर्यटकले मुस्ताङको भ्रमण गर्ने गर्दछन् ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङले तिहारको भाइटीकापछि मुस्ताङमा पर्यटकको चाप नरोकिएको जनाएको छ । म्याग्दी र मुस्ताङ सीमानामा पर्यटकको विवरण संकलन गर्न तीन जना जनशक्ति खटिएको जनाएको छ। आइतबार पनि मुक्तिनाथमा दर्शनार्थीको सङ्ख्या बाक्लो रहेको त्यहाँ कार्यरत समितिका कर्मचारी रवीन सुवेदीले जानकारी दिनुभयो। यहाँ दर्शन तथा स्वास्थ्य सुरक्षा र अन्य सुरक्षा व्यवस्थापका आवश्यक जनशक्ति परिचालन भइरहेको बताउनुभयो ।

दसैं, तिहारलगायत चाडपर्वको लामो बिदाका अवसरमा स्कुल कलेजका विद्यार्थी, युवा तन्नेरी, कर्मचारी, बैंक तथा वित्तीय संस्था र चाडपर्व मनाउन स्वदेश फर्किएका नेपालीहरू मुस्ताङ घुम्न आएका बताइएको छ । मुस्ताङमा चिसो बढेकाले पर्यटक बिरामी परेर अस्पताल भर्ना हुनेको संख्या बढे पनि हालसम्म कसैको ज्यान नगएको मुस्ताङस्थित प्रदेश अस्पतालका मेडिकल सुपरिटेन्डन डा समीक्षा कँडेलले जानकारी दिनुभयो। उहाँका अनुसार तिहारपछि करिब दुई हजार पर्यटकले अस्पतालबाट स्वास्थ्य सेवा लिएका छन् । राසस

# मानुङकोटलाई पर्यटकीयग्राम ...

विकास मन्त्रालयको आर्थिक लगानीमा अलैंचेदेखि मानुङकोटसम्म ४३ सय मिटर सडक कालोपत्र गरिएको र कठिन भूभागमा १८० मिटर आरसिसी ढलान गरिएको छ। नगरपालिकाले दृश्यावलोकन स्तम्भ निर्माण गरेको छ भने डाँडाको छेउमा रेलिङसहित पैदलमार्ग पनि तयार गरिएको छ ।

संघीय सरकारबाट चालु वर्षमा रू २ करोड बजेट विनियोजन भएपछि मानुङकोटमा खानेपानी पुर्‍याउने कार्य अगाडि बढेको छ। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेका अनुसार मानुङकोटको खानेपानी समस्या समाधानलाई प्राथमिकतामा राखिएको छ । स्थानीयलाई गाउँ फर्कने वातावरण बनाइँदैछ ।

**पौराणिक कथासँग जोडिएको मानुङकोट**


मानुङकोट र आसपासको क्षेत्र पौराणिक कथासँग पनि जोडिएको छ । धार्मिक किंवदन्ती अनुसार, पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न चाहँदा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराएको विश्वास रहँदै आएको छ । यही किंवदन्तीका कारण दमौली बजारलाई कुहिरोले ढाक्ने दृश्यलाई यहाँका बासिन्दाले "पौराणिक रहस्य"का रूपमा लिन्छन् ।

पहाडी सौन्दर्य, सूर्योदय र कुहिरोको अनुपम दृश्यले परिचित मानुङकोट अब योजनाबद्ध रूपमा पर्यटकीयग्रामका रूपमा विकसित हुँदैछ । पूर्वाधार विस्तार, खानेपानी व्यवस्था र पर्यटन-मुखी योजना कार्यान्वयन भएमा मानुङकोट तनहुँको अर्को आकर्षक गन्तव्य बन्ने अपेक्षा नगरपालिकाले लिएको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
Email : bhanjyangdml@gmail.com

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा
**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै :- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# पदयात्राका लागि युवापुस्ताको पहिलो रोजाइमा अन्नपूर्ण आधार शिविर

**सन्तोष गौतम**/म्याग्दी

अन्नपूर्ण हिमालको आधार शिविर नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकसित भएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण सुरू हुने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ समुद्री सतहदेखि चार हजार १५० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दूरीमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाइमा परेको हो। पदमार्ग, पूर्वाधार निर्माण, खानेबस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि आधार शिविरमा चालु शरदयाममा नसोचेको संख्यामा पर्यटक आएका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो । "अन्नपूर्ण हिमाल र आधार शिविरको भूगोल म्याग्दीमा पर्ने तथ्य स्थापित भएर त्यहाँसम्म पुग्ने पदमार्ग तयार र प्रवर्द्धनका कार्यक्रमपछि यो याममा अपेक्षा गरेभन्दा धेरै पर्यटक आउनुभयो", उहाँले भन्नुभयो, "युवापुस्ताको रोजाइमा अन्नपूर्ण आधार शिविर परेको छ ।"

दसैँलगत्तै आधार शिविरमा दैनिक दुई सयदेखि पाँच सय जनासम्म पर्यटक आइरहेका अध्यक्ष पुनले बताउनुभयो । आधार शिविरमा दुई वर्षअघिसम्म वसन्त याममा हेलिकप्टरमार्फत आरोहीहरू मात्र पुग्ने गर्दथे। पदमार्गमा रहेका होटलको क्षमताभन्दा बढी संख्यामा पाहुना आएकाले व्यवस्थापनमा समस्या भएको व्यवसायीले बताएका छन् । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ। दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको शेर्पा अल्पाइन ट्रेकिङका पथप्रदर्शक लाक्पा आङ्वु शेर्पाले बताउनुभयो ।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ । नारच्याङका तेज गुरूङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र 'मौरिस हर्जोग' नामकरण गरेको थियो ।

सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस र लुइस लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि सगरमाथाको सफल आरोहण भएको थियो । आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। विसं २०७७ मा भएको अन्नपूर्ण महोत्सव र गत जेठमा अन्नपूर्ण आरोहणको हीरक जयन्तीले पदमार्ग, हिमाल र आधार शिविरको प्रचार गर्न सहयोग पुगेको छ । सञ्चारमाध्यम र सामाजिक सञ्जालका सामग्री देखेर आधार शिविर घुम्न आएको काठमाडौँका सुदीप भट्टले बताउनुभयो ।

पदमार्गको प्रवेशविन्दुमा पर्ने नारच्याङमा सन् २०१२ आएका हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरका बारेमा जानकारी गराएपछि स्थानीयवासीको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको अगुवा गुरूङले बताउनुभयो । कास्की र म्याग्दीका दुईवटा स्थानीय तहको नामकरण अन्नपूर्ण हिमालबाट गरिएको छ । पर्यटन विभागका अनुसार हालसम्म पाँच सय ३६ जनाले अन्नपूर्ण हिमालको आरोहण गरेका छन् ।

नीलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ । आधार शिविरमुनि समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल छ । आधार शिविरको डाँडामा बसेर ताल र हिमाल अवलोकन गर्न सकिन्छ । पदयात्रीहरूले ताल र हिमाललाई पृष्ठभूमिमा पारेर डाँडैडाडाँ हिँडेको तस्बिर खिच्न र भिडियो बनाउँछन्। एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर बनेको प्राकृतिक हिमताल हो । अन्नपूर्ण हिमाल र पञ्चकुण्ड ताललाई एकैपटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको प्रमुख विशेषता भएको बेनीकी सुष्मा खत्रीले बताउनुभयो ।

"वरपरका हिमाल र फेदीमा रहेको तालले मलाई मोहित र प्रफुल्लित बनायो", उहाँले भन्नुभयो, "यहाँको अलौकिक सौन्दर्यमा रमाउन पाउँदा सबै, दुःखकष्ट र तनाव भुलेर मनमा उमङ्ग छाएको छ ।" आधार शिविरमा प्रथम ओहरण टोलीको अगुवा फ्रान्सका मौरिज हर्जोग, लुइस लचेनल र सोनाम वालुङ शेर्पाको सालिक स्थापना र हालसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका पाँच सय ३६ जनाको नामावली उल्लेख गरिएको ताम्रपत्र भएको खुला सङ्ग्रहालय पनि रहेको छ। अन्नपूर्ण गाउँपालिकाले गत आर्थिक वर्षमा फुतफुते झरनामा चिया, खाजा पसल सञ्चालनका लागि आश्रयस्थल भवन, शौचालय निर्माण र खानेपानी व्यवस्थापन गरेको थियो । हुमखोलामा खानेपानी र शौचालय निर्माण भएको छ।

गुफाफाँट र आधार शिविरमा एक-एकवटा शौचालय निर्माण भएको छ। हुमखोलादेखि साधीखर्कसम्मको पदमार्गमा ढुङ्गा बिछ्याउने, अप्ठ्यारो ठाउँको पदमार्गको डिलमा रेलिङ राखिएको छ । नारच्याङका बासिन्दाले गत वसन्तयामदेखि हुमखोला, फुतफुते, साधीखर्क, गुफाँफाँट, भुसकेत र पञ्चकुण्डमा अस्थायी संरचना बनाएर होटल सञ्चालन गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने भएकाले यहाँ स्थायी भौतिक संरचना बनाउन प्रक्रिया पूरा गरेर सरकारबाट अनुमति लिनुपर्छ । एक्यापले ५० जना पाहुना राख्न सक्ने अस्थायी संरचना बनाउन अनुमति दिएको तर चार, पाँच गुणा बढी पाहुना आएकाले टेन्ट र पालमुनि बसोबासको व्यवस्था मिलाउनुपरेको भुसकेतका होटल ब्यवसायी माइकल पुनले बताउनुभयो ।

होटलहरू नहुँदा पदयात्री आफैँले बन्दोबस्तीका सामान बोकेर जानुपर्ने समस्या थियो। हुमखोलादेखि माथि सञ्चार र विद्युत् सुविधाको अभाव छ। सञ्चार सुविधाको अभावमा लेक लागेर बिरामी भएका पर्यटकको उद्धार गर्न र पाहुनाको व्यवस्थापनमा समस्या भएको छ । बढ्दो पाहुनाको आगमनसँगै फोहर व्यवस्थापन पनि यहाँको अर्को चुनौती बनेको छ । पदमार्ग निर्माणलाई पूर्णता दिन र झोलुङ्गे पुलको स्तरोन्नति गर्नुपर्ने आवश्यकता छ। गत हप्ता अन्नपूर्ण आधार शिविर पुगेर फर्किएका म्याग्दी क्षेत्र नं १ (क) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले पूर्वाधार निर्माणका साथै प्रवर्द्धनमा स्थानीय तह, एक्याप, प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने बताउनुभयो । "छोटो दूरीमा र छिटो पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर, पञ्चकुण्ड तालको पर्यटनका हिसाबले प्रशस्त सम्भावना छ", उहाँले भन्नुभयो, "सञ्चार र विद्युत् सुविधाको विस्तार, पदमार्गको स्तरोन्नति, फोहर व्यवस्थापन, झोलुङ्गे पुललगायत पूर्वाधार निर्माणमा सरकारको ध्यानाकर्षण र बजेट भित्र्याउन पहल गर्नेछु ।" रासस



## धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरूलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं ।

**सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं !**

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



**Baburam Bhattarai**
x.com/brb1954

जेन-जी विद्रोहले पुराना राजनीतिक दल र तिनका पदलोलुप र भ्रष्ट नेताहरूमाथि भीषण बज्रप्रहार गरेपछि रन्थनाएकाहरूले पुनः एक पटक सत्तामा टाँसिइरहन र सोझा कार्यकर्ता तथा जनता अल्मल्याउन विभिन्न नाटक गर्न थालेका छन्।

तीमध्ये पुनः एकपटक विभिन्न चिरामा छरिएका 'कम्युनिष्ट' समूहहरूलाई एक ठाउँमा ल्याउने र विभिन्न कुटील तर्क गरेर पार्टी र राज्यको सत्तामा आफैं हालिमुहाली गरिरहने प्रयत्न विशेष उल्लेखनीय छ। सामान्यतः एउटै विचार सिद्धान्त मान्नेहरु फुटीरहनु भन्दा एकताबद्ध हुनु राम्रो हो। यो विगतमा पनि पटकपटक भएकै हो। फुट्ने र जोडिने प्रक्रियालाई अन्यथा पनि भन्न मिल्दैन।

परन्तु कम्युनिष्ट आन्दोलनभित्रका प्रबुद्ध र इमान्दार व्यक्ति तथा समूहहरूले तीब्र गतिले बदलिंदो विश्व र राष्ट्रिय परिस्थितिलाई ध्यान दिंदै भावनात्मक ढंगले बगेर भन्दा 'संसारलाई बुझ्ने र बदल्ने' मार्क्सेली पद्धतिलाई ठीकसंग ग्रहण गरेर समग्र वैचारिक-राजनीतिक रूपान्तरण सहितको मोर्चावन्दी र ध्रुवीकरणमा जोड दिनु उपयुक्त हुनेछ। उही पुरानै विचार, नीति, संगठन, नेतृत्व सहितको ठुलो आकारको शक्तिको निर्माण सुन्निएर मोटाएको वस्तु झैं क्षणभंगूर मात्र हुनेछ।

विशेषतः यी प्रश्नहरूमाथि गम्भीर ध्यान दिनु पर्नेछ- पहिलो र दोश्रो औद्योगिक क्रान्तिको वेला संश्लेषण गरिएका मार्क्स र लेनिनका विचारलाई अहिलेको चौथो औद्योगिक क्रान्तिको सन्दर्भमा कति विकास, परिमार्जन वा पुनर्संश्लेषण गर्नुपर्ला? अथवा गत सय बर्ष बढीका रूस, पूर्वी युरोप लगायतका कम्युनिष्ट पार्टीहरूका सत्ताका असफलताहरूबाट मार्क्स र लेनिनले के पाठ सिक्दा हुन्? पश्चिम यूरोपका युरो-कम्युनिज्म, पश्चिम बंगाल लगायतका संसदीय मार्क्सवादहरूको कटु अनुभवहरूबाट के सिक्नुपर्ला? नेपालमै २०५१ देखि पहिले एमाले र २०६३ देखि माओवादी समेतको पटकपटकको सत्ता संचालनको अनुभवबाट के पाठ लिनुपर्ला? यी अनुभवहरूबाट केही पाठ नसिकी आइन्सटाइनले भने झैं उही कुरा पटकपटक दोहोर्याउनु र फरक परिणामको आशा गर्नु भनेको पागलपन हुन्न र?

यसनिम्ति कम्युनिष्ट आन्दोलनभित्रका इमान्दार र गम्भीर व्यक्तिहरूले कमसेकम यी पुस्तकहरु पुनः एक पटक पढ्ने कि?:

१. मार्क्सले वास्तवमै उन्नाइसौं शताब्दीमा कम्युनिज्मवारे के परिकल्पना र विश्लेषण गरेका थिए भन्ने संक्षिप्तमा बुझ्नकालागि उनका जीवनभरका कृति, पत्राचारहरूको सारसंक्षेप एकै ठेलीमा संकलन गरिएको : Eugene Kamenka (ed), THE PORTABLE KARL MARX, Penguin Books-1983

२. रूसमा स्टालिनको लामो शासनकालमा कसरी अहिलेसम्म संसारभरका कम्युनिष्टहरूले अपनाउने 'जनवादी केन्द्रीयता' को सिद्धान्तको प्रयोग र विकास भएको थियो र त्यसैबाट आजीवन सत्तामा बस्ने 'कम्युनिष्ट' नामधारी नेताहरु जन्मिरहेछन् भन्ने बुझ्न : Isaac Deutscher, 'STALINM A Political Biographyæ' Penguin Books, 1990

३. मार्क्स र मार्क्सवादवारे सरल व्याख्या, विभिन्न देशहरूमा त्यसको प्रयोग र २१औं शताब्दीमा समाजवादको औचित्य र बाटोवारे सर्सर्ती बुझ्नः Gregory Claes, 'Marx and Marxism', Pelican, 2018

यस अतिरिक्त सच्चा रूपान्तरणकारी राजनीतिक सोंच राख्ने साहसिला ब्यक्ति र समूहहरूले उही पुरानै स्टालीनवादी ढाँचाको पार्टीमा आजीवन गनगन गरेर अमूल्य समय र शक्ति खेर फाल्नु सट्टा त्यहाँबाट विद्रोह गरेर युग अनुकूल नयाँ अग्रगामी वैकल्पिक शक्ति निर्माण अभियानमा लाग्ने हो कि?

# राजदूत फिर्ता बोलाउने विषयमा १४ गते सुनुवाइ हुने

**रासस**/काठमाडौँ

राजदूतहरु फिर्ता बोलाउने सरकारको निर्णयविरूद्ध सर्वोच्च अदालतमा परेको रिट निवेदनमा यही कात्तिक १४ गते सुनुवाइ हुने भएको छ । न्यायाधीश विनोद शर्माको एकल इजलासले आइतबार लिखित जवाफ माग गर्दै यही कात्तिक १४ गते अन्तरिम आदेश दिने वा नदिने विषयमा दुवै पक्षसँग छलफलका लागि पेसी तोकेको हो । अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुन सक्ने कुनै गुञ्जायस नै नभएको अवस्थामा राजदूत नियुक्ति संविधानतः हुन सक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो । अदालतको आदेशमा भनिएको छ, "यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटोको म्यादबाहेक १५(पन्द्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ लिई आउनुहोला ।"

सरकारले गत असोज ३० गते कात्तिक २० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । फिर्ता बोलाइएका राजदूतमा चीनका प्राडा कृष्णप्रसाद ओली, जर्मनीका डा शैल रूपाखेती, इजरायलका प्रा धनप्रसाद पण्डित, मलेसियाका डा नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रूसका जङ्गबहादुर चौहान, साउदी अरबका नरेश विक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा दुर्गाबहादुर सुवेदी रहनुभएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४